# बान्नीगढी जयगढ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## जयगढ, अछाम
## सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : २०८०/०८१
च.न. : ११९

मिति: २०८०/०५/२५

**विषय: प्रथम त्रैमासिक माग फाराम पेश गर्ने सम्बन्धमा ।**

**श्री सामुदायिक विद्यालयहरु,**
**बाल विकास केन्द्रहरु,**
**सामुदायिक सिकाइ केन्द्र सबै**
**बान्नीगढ़ी जयगढ़ गा.पा.,अछाम ।**

प्रस्तुत विषय सम्बन्धमा यस बान्नीगढ़ी जयगढ़ गाउपालिका अन्तर्गत रहेका सम्पुर्ण सामुदायिक विद्यालयमा कार्यरत स्थायी/अस्थायी/राहात/करार शिक्षक, कर्मचारी, बालविकास केन्द्रमा कार्यरत बालविकास सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालिकाहरुले आ.व. २०८०/०८१ को प्रथम त्रैमासिक (साउन, भदौ र असोज महिना) को तलबभत्ता र चाडपर्व खर्च निकासाको लागि विद्यालय लेखांकन दिग्दर्शन २०७६ को फाराम नं. २ तयार गरि मिति २०८० असोज ०५ गते भित्र तपसिलका कागजात सहित यस कार्यालयको शिक्षा युवा तथा खेलकूद शाखामा पेश गर्न हुन जानकारी गरिन्छ ।

**तपसिल:-**

१. आ.व. २०७९/०८० को बैशाख देखी असार महिनासम्मको शिक्षक कर्मचारीहरुको हाजिरी रजिष्टरको प्रमाणित प्रतिलिपी ।
२. शिक्षक कर्मचारीहरुको बैंकमा तलबभत्ता जम्मा गरेको पत्र वा तलबभत्ता बुझेको भर्पाईको प्रतिलिपी ।
३. अन्तिम त्रैमासिकको सा.सु. र पारिश्रमिक कर कट्टी गरेको भौचरको प्रतिलिपी ।
४. अन्तिम त्रैमासिकको नागरिक लगानी कोष र संचय कोष जम्मा गरेको भौचरको प्रतिलिपी ।
५. आ.व. २०७९।०८० को सामाजिक लेखा परीक्षण प्रतिवेदन १ प्रति

..............
प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

पुनश्च : आधारभुत तह (१-८), मा. वि. (९-१२), विद्यालय कर्मचारी तथा बाल बिकास सहजकर्ता र संघ र गाउँपालिकाको अनुदान कोटामा कार्यरत शिक्षक कर्मचारीहरुको छुट्टाछुटै माग फाराम पेश गर्नु पर्ने छ ।

**बोधार्थ :**

श्री सूचना प्रविधि शाखा : गाउँपालिकाको Website मा अपलोड गरिदिन हुन ।

बान्नीगढी जयगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जयगढ, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : २०८०/०८१ मिति : २०८०/०५/२५
च.न. : 220

विषय : रकम माग गर्ने सम्बन्धमा।

श्री सामुदायिक विद्यालय सबै
बान्नीगढी जयगढ गाउँपालिका
जयगढ, अछाम।

उपरोक्त विषय सम्बन्धमा संघिय सरकारबाट आ.व. २०८०।०८१ का लागि स्वीकृत गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१० विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान शिर्षक अन्तरगतका उपक्रियाकलाप बाफतको रकम निकासा गर्नु पर्ने भएकाले तपसिल बमोजिमको ढाचाँमा तपसिलका कागजात सहित गाउपालिकाको शिक्षा यूवा तथा खेलकुद शाखामा मिति २०८० साल असोज १० गते भित्र रकम माग गर्न हुन जानकारी गरिन्छ।

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

तपसिल :-

| कार्यक्रका लागि स्वीकृत बजेट शिर्षक | उपलब्ध हुने रकम | पेश गर्नु पर्ने कागजात |
|---|---|---|
| विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-५ | प्रति विद्यालय वार्षिक रु. १५ हजार | |
| विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-८ | प्रति विद्यालय वार्षिक रु. २० हजार | |
| विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१० | प्रति विद्यालय वार्षिक रु. २५ हजार | |
| विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१२ | प्रति विद्यालय वार्षिक रु. ३० हजार | |
| आधारभुत विद्यालयहरुलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि एकमुष्ट अनुदान | प्रति विद्यालय वार्षिक रु. १५ हजार | आ.व. २०८०।०८१ का लागि निर्माण गरिएको विद्यालय सुधार योजना |

# बान्नीगढी जयगढ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## जयगढ, अछाम
## सुदूरपश्चिम प्रदेश, नेपाल

| कार्यक्रका लागि स्वीकृत बजेट शिर्षक | उपलब्ध हुने रकम | पेश गर्नु पर्ने कागजात |
|---|---|---|
| आधारभुत तह सञ्चालित विद्यलायहरुलाई सामाजिक परिक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी परिचय पत्र व्यवस्थापन, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ट अनुदान | प्रति विद्यालय वार्षिक रु. १० हजार | आ.व. २०७९।०८० को सामाजिक परीक्षण प्रतिवेदन |
| माध्यामिक विद्यालयहरुलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि एकमुष्ट अनुदान | प्रति विद्यालय वार्षिक रु. २० हजार | आ.व. २०८०।०८१ का लागि निर्माण गरिएको विद्यालय सुधार योजना |
| माध्यामिक तह सञ्चालित विद्यलायहरुलाई सामाजिक परिक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी परिचय पत्र व्यवस्थापन, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ट अनुदान | प्रति विद्यालय वार्षिक रु. १५ हजार | आ.व. २०७९।०८० को सामाजिक परीक्षण प्रतिवेदन |
| विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च | प्रति विद्यालय वार्षिक रु. १२ हजार | इन्टरनेट शुल्क भुक्तानी गरेको विल / हाल शुल्क नतिरेको भएमा यस आ.व. भित्र तिर्ने प्रतिबद्धता वा इनरनेट जडान नभएमा जडान गर्ने प्रतिबद्धता पत्र |

बान्नीगढी जयगढ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जयगढ, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

Email: log.bannigadhi@gmail.comWebsite: www.bannigadhijaygadhmun.gov.np
Mobile Apps: Bannigadhijaygadh

समृद्धिको आधार : बान्नीगढी सरकार